नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः २८, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

**सिद्धलेक गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियम,२०७४ लाई संशोधन गर्न बनेको नियम,२०७९**

गाउँकार्यपालिका बाट स्विकृत मितिः २०७९।११।२९

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम सिद्धलेक गाउँपालकिाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको प्रथम (संसोधन) नियम,२०७९ रहेको छ ।

(२) यो नियम तुरुन्त प्रारम्भ हुनेछ ।

**२. सिद्धलेक गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियम,२०७४ यसपछि (मूल नियम भनिएको)** को नियम ३ **मा संसोधन :**

(१) मूल नियम को नियम ३ मा- **नियमको प्रमाणीकरण कार्यविधि** भन्ने वाक्यांश हटाई **ऐन,नियम,कार्यविधि,निर्देशिका मापदण्ड नीति लगायत गाउँपालिकाबाट जारी गरिने सबै कानूनहरुको प्रमाणीकरण कार्यविधि** भन्ने वाक्यांश थप गरिएको ।

(२) मूल नियमको नियम ३. को उपनियम (१) मा संसोधनः उपनियम (१) मा भएको कार्यपालिकाले बनाएको नियम कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि अध्यक्षले प्रमाणीकरण गर्नेछ भन्ने वाक्यांश हटाई **गाउँसभाले स्वीकृत गरेका ऐन तथा गाउँकार्यपालिका बाट स्वीकृत भएका नियमावली,कार्यविधि,मापदण्ड, निर्देशिका, नीति लगायतका कानूनहरु अध्यक्षले प्रमाणीकरण गर्नेछ भन्ने वाक्यांश राखिएको ।**

(३) मूल नियमको नियम ४.हटाइएको ।

सिद्धलेक गाउँपालिका